# पाणिनी गाउँपालिका
## Panini Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

W744 QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प.सं./Letter No.: २०८०/०८१
च.नं./Ref. No.: ९५९६

मितिः २०८१/२/३०

श्री पाणिनी गाउँपालिका वडा कार्यालयहरु सबै ।
श्री पाणिनी गाउँपालिका शाखा / ईकाइ प्रमुख सबै ।
श्री सरोकारवाला सबै ।

विषयः आर्थिक वर्ष २०८०/०८१ को कारोवारको भुक्तानी सम्बन्धमा ।

प्रस्तुत विषयका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १ बमोजिम ऐनले फ्रिज नहुने भनि तोकेको शिर्षकको रकम बाहेक भुक्तानी दिनु पर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगाबै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने भनि नियमावलीमा व्यवस्था भए बमोजिम पाणिनी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को भुक्तानी लिन बाँकी सम्बन्धमा संघ र प्रदेश सरकारबाट हस्तान्त्रण हुने वित्तिय हस्तान्त्रण रकम कटौती भएको, आन्तरिक स्रोत पनि लक्ष्य बमोजिम प्राप्त हुन नसकेको अवस्थामा भुक्तानिको लागि पहिलो आउनेलाई पहिलो प्राथमिकतामा राखि भुक्तानी दिनुपर्ने अवस्था सिर्जना भएकोले यस कार्यालयबाट सेवा लिने सम्पूर्ण व्यक्ति, फर्म, सप्लायर्स, उपभोक्ता समिति र निर्माण व्यवसायीहरुले आ.व २०८०/०८१ को भुक्तानीका लागि पेश गरिने कागजातहरु तयार गरी **चालु कार्यक्रमको हकमा मिति २०८१/०३/११ गते र पूँजिगत खर्चको हकमा मिति २०८१/०३/१५ गते** भित्र यस कार्यालयमा पेश गरी भुक्तानी लिइ सक्नुपर्नेछ । आर्थिक वर्षको अन्त्यमा सूत्र सफ्टवेयर ह्याङ्ग भई समयमा कार्य नहुने विगतको वर्षहरुमा देखिएकोले तोकिएको समय सीमा भन्दा पछि भुक्तानीका लागि पेश हुन आएका फाईलहरु उपर कुनै कारवाही नगरिने र गाउँ कार्यपालिकाको कार्यालय जिम्मेवार नहुने कुरा यसै सूचना मार्फत सरोकारवालाहरुमा जानकारीको लागि अनुरोध छ ।

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत